YUNNAN DAILY PRESS GROUP
报业集团

# CHINA · YUNNAN

澜湄传媒™
Mekong News Network

Issue No. 2 | JANA AASTHA NATIONAL WEEKLY | वर्ष २९, अंक ४१, २०८० साल पुस १८ गते बुधवार
YEAR 29, ISSUE 41, JANUARY 3, 2024



# याङजोङको घर, सुखी र शान्तिको घर

**गाउँदेखि शहरसम्म**

हालै नेपाल टेलिभिजनबाट 'विश्वको सांग्रिला - याङजोङको घर' नामक चिनियाँ वृत्तचित्र प्रदर्शन भएको छ । यो फिल्म 'याङ जोङ' नामक एक अधबैंसे तिब्बती महिलाको कथामा केन्द्रित छ । याङजोङको परिवार युन्नान प्रान्तको डिकिङ तिब्बती स्वायत्त प्रदेशअन्तर्गत सांग्रिला शहरमा बस्छ, जहाँ अग्ला हिमाल, ठूला नदी, घना जंगल र शान्त ताल छन् । यो पृथ्वीको परीभूमिजस्तै हो । याङजोङकी आमाको जन्म एक गरिब र अस्थिर पुरानो जमानामा भएको थियो । जनवादी गणतन्त्र चीन स्थापनापछि भाग्य परिवर्तन भयो । आज यी ८० वर्षीया वृद्धालाई उनका छोराछोरीले आधुनिक शहरमा सँगै राख्न लगेका छन् ।

याङजोङ र तिनका ४ जना दाइसँग जीवनको विशाल विकल्प छ । याङ जोङले आफ्ना आमाबाबुबाट कोर्रा लिएर गाउँमा गाईवस्तु चराउन थालेकी छन् भने दाजुहरू या त सांग्रिला वा राजधानी बेइजिङमा काम गर्छन् या आफ्नै गाउँमा घोडा चलाएर वा पसल थापेर जीविका बिताउँछन् । याङजोङकी छोरीले आधुनिक शिक्षा प्राप्त गरेपछि नयाँ जीवन शुरु गरेकी छन् । सांग्रिला डिकिङ प्रदेशको राजधानी हो, जुन चीनको १० तिब्बती स्वायत्त प्रदेशमध्येमा पर्दछ । पहिले यहाँ व्यापक गरिबी थियो र राजस्व प्रायःजसो वन फँडानीबाट आउँथ्यो । हालैका दशकमा, स्थानीय सरकारले स्थानीय क्षेत्रको दिगो विकासका लागि उपयुक्त र मानवतावादी विकासको बाटो




फेला पारेको छ । वन कटानमा प्रतिबन्ध लगाउनु र पर्यटनको तीव्र विकास गर्नु उनीहरूको मुख्य ध्येय हो ।

हालैका वर्षमा यो प्रदेश गरिबीबाट ऐतिहासिक रूपमा उम्केको छ । प्रदेशभरिका स्वास्थ्य संस्थाले जनतालाई समयमै चिकित्सा सेवा प्रदान गरेका छन् । यहाँको औसत आयु ७० वर्षभन्दा बढी छ । पारिस्थिति र वातावरण राम्रो छ, र वनको घनत्व दर ७७% भन्दा बढी छ । यहीं आधुनिक विमानस्थल र राजमार्ग निर्माण भइसकेका छन् । गत नोभेम्बरको अन्त्यमा युन्नानको अर्को प्रसिद्ध पर्यटकीय स्थल लिजियाङदेखि सांग्रिलासम्म रेलमार्ग शुरु भएको छ । यसको अर्थ हो- डिकिङले रेल नचलेको आफ्नो इतिहासलाई बिदा दिनु छ र बाँकी चिनियाँ क्षेत्रसँग आफूलाई जोड्नु छ । निःसन्देह यो तिब्बती-बाहुल्य क्षेत्र विकसित हुनुको ज्वलन्त उदाहरण हो । चिनियाँ सञ्चारमाध्यमका अनुसार केही दशकमै डिकिङ र तिब्बतलगायत क्षेत्र सबैभन्दा राम्रो विकास, सबैभन्दा ठूलो परिवर्तन र जनताका लागि सबैभन्दा ठूलो लाभको युगमा प्रवेश गरेका छन् ।

यस चिनियाँ वृत्तचित्रमा देखाइएको मानवतावादी परिवर्तन र चीनले जनताको हित र देशको विकासलाई दिएको महत्वबाट प्रभावित हुँदै नेपाल चलचित्र निर्माता संघका अध्यक्ष केपी पाठकले याङजोङ परिवारको सुखी जीवनबाट सबैले मिठास महसुस गर्न पाएको बताएका छन् । 'इमान्दारिताका साथ अभिलेख राखे मात्र यसले मानिसको मन छुन्छ,' वृत्तचित्र निर्देशक याङ मुयुआन र उनको छायांकन टोलीले चार वर्ष लगाएर भिडियोमार्फत याङजोङ परिवारको कथा उतारेको हो ।

---

**अवलोकन**

## चीन-नेपाल उच्चस्तरीय खुलापन



हालै कोरला नाका औपचारिक रूपमा खोलिएको छ, जुन चीन र नेपालबीच यात्री र कार्गोको चौथो नाका हो । यस नाकाको उद्घाटनले व्यापक आदानप्रदान, सहयोग प्रवर्द्धन र दुई देशबीच आर्थिक, व्यापारिक तथा मानविकी साँटफेरमा नयाँ जीवन्तता थप्न सक्छ । यस वर्षको शुरुदेखि नै चीनले उच्चस्तरीय खुलापनलाई बढाइदिँदै आएको छ र विदेशी लगानीलाई स्थिर बनाउन नयाँ नीति र उपाय जारी गरेको छ । चीनले उच्च गुणस्तरको बेल्ट एण्ड रोड सहयोगलाई समर्थन पुग्ने आठ कार्यक्रम घोषणा गरेको छ र आयात एक्स्पो, उपभोक्ता एक्स्पो र चेन एक्सपोजस्ता विश्वमा साझा अन्तर्राष्ट्रिय सार्वजनिक सेवा प्रदान गरि नै राखेको छ । यसबाहेक, **फ्रान्स र जर्मनी आदि ६ वटा देशलाई एकपक्षीय भिसा छुट दिइएको छ, विदेशीका लागि स्थायी निवास आइडी कार्डको नयाँ संस्करण जारी भएको छ,** चीन र बाहिरी मुलुकबीच उडान संख्यामा उल्लेखनीय वृद्धि भएको छ... ।

'चीनमा जे भइरहेको छ, त्यसले सबै देशलाई फाइदा पुर्‍याउँछ ।' विश्वकै प्रसिद्ध लगानीकर्ता जिम रोजर्सका अनुसार चिनियाँ उच्चस्तरीय खुलापनको विस्तार 'विश्व र चीनका लागि समेत अत्यन्त लाभदायक छ' । यस वर्षको जनवरीदेखि अक्टोबरसम्म चीनमा ४१,९४७ वटा नयाँ विदेशी लगानीका उद्यम स्थापना भएका छन्, जसको वार्षिक वृद्धिदर ३२.१ प्रतिशत छ । यस वर्षको पहिलो तीन त्रैमासिक अवधिमा विनिर्माण उद्योगतर्फ विदेशी पुँजी उपयोगको स्केल वृद्धि जारी रह्यो र यसको वास्तविक परिमाण २ खर्ब ६२ अर्ब ४१ करोड युआन पुग्यो, जुन २.४ प्रतिशतको वार्षिक वृद्धिदर हो ।

चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिको हालै सम्पन्न आर्थिक कार्य सम्मेलनले सन् २०२४ मा बजारमुखी, कानुनमा आधारित र अन्तर्राष्ट्रिय प्रथम श्रेणीको व्यापारिक वातावरण निर्माण गर्ने र 'इन्भेष्ट इन चाइना' ब्राण्ड निर्माण गर्ने प्रतिज्ञा गरेको छ । चीनले उच्च स्तरको खुलापनको नीति पालना गर्छ र नयाँ विकास प्रतिमानको निर्माणलाई गति दिन्छ । चीनले विकासतर्फ विश्वका लागि नयाँ अवसर दिइरहनेछ ।

*(चिनियाँ केन्द्रीय टेलिभिजन समाचार, ओभरसिज नेटवर्क, चिनियाँ केन्द्रीय प्रसारण सञ्जाल, जन दैनिक, सिन्ह्वा समाचार एजेन्सी)*

**सहयोग**

### हिन्द महासागर क्षेत्रका थुप्रै देशवासीको आशा र आह्वान

## मिलेर साझा भविष्य निर्माण गरौं

'चीनको ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ (जीडीआई) हिन्द महासागर क्षेत्रमा खुला र समावेशी सहयोगको अवधारणासँग मेल खान्छ । माल्दिभ्स अन्य देशसँग सुदृढ सम्बन्ध स्थापना, आ-आफ्नो शक्तिको लाभ उठाउँदै अझ लचिलो र दिगो विकासको हिन्द महासागर निर्माण गर्न तयार छ ।' हालै युन्नान प्रान्तको कुनमिङमा सम्पन्न दोस्रो चीन-हिन्द महासागर क्षेत्रीय विकास सहयोग मञ्चमा माल्दिभ्सका उपराष्ट्रपति लतिफले भनेका छन् ।

हिन्द महासागरले एशिया, अफ्रिका र ओसिनियालाई जोड्छ । चीन तथा क्षेत्रीय यो मञ्चमा जाने एक महत्वपूर्ण मार्ग हो । युन्नान हिन्द महासागरको सबैभन्दा नजिक पर्ने चिनियाँ प्रान्त हो । सन् २०२२ मा पहिलो पटक चीन-हिन्द महासागर क्षेत्रीय विकास सहयोग सम्मेलन कुनमिङमा सम्पन्न भएको थियो । यस वर्ष हिन्द महासागर वरपरका मित्रहरू आपसी नीलो अर्थतन्त्रको विकास र सहयोग, समुद्रको साझा भविष्य निर्माणबारे छलफल गर्न कुनमिङमा फेरि भेला भएका थिए । 'चीन र हिन्द महासागर क्षेत्रका राष्ट्रहरूले मिलिजुली काम गर्न सक्छन्



किनभने हामी एउटै साझा दर्शनमा विश्वस्त छौं ।' केन्याका राष्ट्रपति रुतोले बताए । 'हिन्द महासागर हाम्रो जीवनको स्रोत हो ।' कोमोरोस कृषि, मत्स्यपालन, वातावरण, पर्यटन तथा हस्तकला मन्त्रालयका राज्यमन्त्री हमदानले भने, 'हामी लचिलो नीलो अर्थव्यवस्थाका लागि प्रतिबद्ध हुनुपर्छ, जिम्मेवारीपूर्वक समुद्री स्रोतको विकास गर्नुपर्छ र आर्थिक विकास बढाइदिँदै हाम्रा महासागरको रक्षा गर्नुपर्छ ।'

ताञ्जानियाको जन्जिबार नीलो अर्थतन्त्र र मत्स्यपालन मन्त्रालयका मुख्यसचिव अब्बुद सुलेमान जम्बुले भने, 'चीनले विश्वकै समुद्री वातावरणको संरक्षणमा महत्त्वपूर्ण भूमिका खेलेको छ र यो फोरमले क्षेत्रीय सहयोगको स्तर बढाउन र नीलो अर्थमा रूपान्तरण, पूर्वाधार निर्माण, समुद्री सुरक्षा र अन्य पक्षको सहयोगलाई मद्दत गर्नेछ ।

'सेसेल्सका लागि नीलो अर्थतन्त्र एउटा अवधारणा मात्र होइन, यसले हाम्रो विश्वासको प्रतिनिधित्व गर्छ ।' त्यहाँका लगानी, उद्यम र उद्योगमन्त्री विडोरले भने, 'यस क्षेत्रका देशहरूले समुद्री सम्भावनाको राम्रो उपयोग र समुद्रको राम्रो रक्षा गर्नुपर्छ, ग्लोबल डेभलपमेन्ट इनिसिएटिभको फ्रेमअन्तर्गत चीनसँग थप गहिरो सहयोग गर्न हामी तत्पर हुनुपर्छ । युन्नान फाइनान्स एण्ड इकोनोमिक्स युनिभर्सिटीको हिन्द महासागर क्षेत्रीय अनुसन्धान केन्द्रकी निर्देशिका जु छुइपिङले भविष्यमा युन्नानले हिन्द महासागर क्षेत्रका देशसँग व्यापार, लगानी, औद्योगिक विकास र पूर्वाधार निर्माणको क्षेत्रमा आदानप्रदान, अन्तरक्रिया र सहयोगलाई थप विस्तार गर्न र विकासको प्रतिफल बाँड्न सक्ने सुझाव दिइन् ।

**युन्नानी जीवन**

## युन्नानी जीवन चीनको मात्र होइन, विश्वको पनि हो

'युन्नानी जीवन' भनेको विश्वसमेतको हो । यो जीवनमा प्रवेश गरे तपाईं राम्रो, प्यारो, विश्वसनीय र आदरणीय चीनलाई बुझ्नुहुनेछ ।' हालै कुनमिङमा सम्पन्न पाँचौं विश्व मिडिया शिखर सम्मेलन (युन्नान शाखा) एवं दोस्रो हात्ती अन्तर्राष्ट्रिय सञ्चार सम्मेलनलाई मा चिनियाँ कम्युनिष्ट पार्टीको प्रान्तीय कमिटीका सचिव वाङ निङले सम्बोधन गर्दै भनेका थिए ।

युन्नानलाई 'पर्यटकहरूको स्वर्ग' भनेर चिनिन्छ । गत वर्षको जनवरीदेखि अक्टोबरसम्म युन्नानमा ९१ करोड ७० लाख पर्यटकको आगमन र ११ खर्ब ३० अरब युआनको आय भएको छ । वर्षको शुरुआतदेखि नै युन्नानले 'युन्नानी जीवन'का निम्ति पहल गरेको छ, जसले पर्यटनको नयाँ फेसनलाई नेतृत्व गर्दैछ । 'युन्नानी जीवन' यहाँको हावापानी सुहाउँदो हरित जीवन हो । 'वनस्पतिको राज्य', 'पशुपक्षीको राज्य' र 'विश्व बगैंचा' को रूपमा चिनिने युन्नान रंगीचंगी बोटबिरुवा र विभिन्न प्रकारका जनावरको घर हो । यसलाई ग्रीष्मकालीन रिसोर्ट र न्यानो घर भनेर चिनिन्छ । युन्नानमा तपाईं अनन्त अद्भूत र सार्थक कुरा प्राप्त गर्न सक्नुहुन्छ । 'युन्नानी जीवन' एक रंगीबिरंगी जीवन हो । यहाँ ५० करोड वर्ष पहिलेको चेङजियाङ क्याम्ब्रियन बाइयोटा जीवाश्म, १९ करोड वर्ष पहिलेको जुरासिक डायनोसर जीवाश्म र १७ लाख वर्ष पहिलेको युआनमोउ मानव भग्नावशेष छन् । यहाँ मानव इतिहास, सांस्कृतिक इतिहास र सभ्यताको इतिहाससम्बन्धी 'सिम्फोनी' ले निश्चित रूपमा तपाईंलाई युन्नानको प्राचीन र आधुनिक लामो इतिहासमा अन्तरघुलन गर्नेछ । 'युन्नानी जीवन' एक सौहार्द्रपूर्ण र सुखी जीवन हो । युन्नानमा २६ वटा जाति छन्, जुन एक परिवारजस्तै मिली बसेका छन् । प्रत्येक जातिको आफ्नै सौन्दर्य छ । यहाँ सोङक्रान महोत्सव, मशाल महोत्सव र मुनाओ गीत महोत्सवजस्ता लोक उत्सव



धेरै पाइन्छन् । जब तपाईं युन्नान जानुहुन्छ तब शान्ति, आनन्द र सुखको स्वर्गमा प्रवेश गरेको ठान्नुहुनेछ । 'युन्नानी जीवन' एक खुला र समावेशी जीवन हो । युन्नान चीनको दक्षिण-पश्चिम सीमामा अवस्थित छ, जसलाई पहाड र नदीले धेरै देशसँग जोड्दछ । यसले एक गौरवशाली इतिहास, खुलापन र समावेशिताको अद्भूत कथा लेखेको छ । २००० वर्षभन्दा पहिले 'प्राचीन चिया घोडा मार्ग' ले दक्षिणी रेशमी मार्गको कथा बताउँथ्यो । आज चीन-लाओस रेलवेले एक कलमजस्तै पहाड र नदी पार गरेर संयुक्त रूपमा 'बेल्ट एण्ड रोड' निर्माणको नयाँ चित्र कोर्दै छ ।

**फोटो समाचार**

## वसन्तको शहरमा सपना पछ्याउँदै हजारौं साइकल यात्री

झर्खरै कुनमिङको दियान्ची पठार साइक्लिङ आमन्त्रण प्रतियोगिता आयोजना भयो, जसमा ३६ व्यावसायिक टोली र अमेच्योर एलिट राइडरसहित १००० भन्दा बढी खेलाडी सहभागी भए । तीमध्ये पुरुष सडक व्यावसायिक गुट र पुरुष सडक युवा गुटको कुल रेस मार्ग करिब ११० किलोमिटर थियो भने पुरुष सडक अमेच्योर गुट र पुरुष तथा महिला माउन्टेन बाइक अमेच्योर गुटको कूल रेस मार्ग ४२ किलोमिटर रह्यो । कुनमिङ युन्नान प्रान्तको राजधानी शहर हो, जुन निम्न-आक्षांश पठार जलवायु क्षेत्रमा अवस्थित छ । जाडोमा कडा चिसो छैन र गर्मीमा खास गर्मी छैन । जलवायु वर्षभरि वसन्तजस्तै न्यानो हुनाले यसलाई 'वसन्तु शहर' को रूपमा चिनिन्छ ।

*युन्नान दैनिकका पत्रकार याङ झेङ (अक्षर र चित्रसहित), चिनियाँबाट नेपालीमा अनुवादः ह ठावरूङ*



**गर्दा नहुने के छ र यहाँ ?**

## जहाँ गिटारको स्वर्ग देख्न पाइन्छ

गुआङडोङ प्रान्तअन्तर्गत हुइझोउ शहरको हुइयाङ जिल्ला गिटार उत्पादन केन्द्र हो । यसलाई 'गिटारको स्वर्ग' को रूपमा समेत चिनिन्छ । हुइयाङले बढीमा वार्षिक लगभग ४.५ मिलियन गिटार उत्पादन गर्छ, जुन चिनियाँ उत्पादनको ४०% भन्दा बढी र विश्वकै कूल उत्पादनको पाँचौं भाग हुन आउँछ ।

खासगरी उकुलेली (एक प्रकारको गिटार) को बिक्रीले विश्वको कूल उत्पादनको ८०% ओगटेको छ, जसको मूल्य ३ अर्ब युआनभन्दा बढी छ । हुइयाङ गिटारको विकास २०औं शताब्दीको ९० को दशकमा भएको हो । सन् १९९१मा चिनियाँ ताइवानी व्यापारीका बाउछोरा छाई जिङहाओ र छाई गुओहोङले हुइयाङ जिल्लाको किउचाङ मौजामा आएर पहिलो गिटार उत्पादन उद्यम खोलेका थिए । युचेङ वुड म्युजिकल इस्ट्रुमेन्ट फ्याक्ट्रीका नाममा । त्यसपछि धेरै संगीत उपकरण उद्यमले पनि किउचाङ मौजा, हुइयाङ जिल्लामा लगानी गर्न थाले ।

२०१६ मा हुइयाङका गिटार उद्यमीहरूको संख्या लगभग ३०० पुगेको छ र १०० भन्दा बढी नयाँ ब्रान्डका जन्मेका छन् । हाल हुइयाङमा उत्पादित गिटारको खास मूल्य १००० देखि ५००० युआनसम्म छ । कस्टम-निर्मित वुड गिटार त अझ बढीमा आठ-नौ हजार युआनसम्ममा बेच्न सकिन्छ । २०१७ मा हुइयाङ जिल्लाले पहिलो गिटार संस्कृति र कला महोत्सव आयोजना गर्न थाल्यो र लगातार ६ वर्षको यसखाले संस्कृति र कला उत्सवजस्ता साँस्कृतिक गतिविधि अघि बढायो ।

यसबीच सांस्कृतिक पर्यटनका साथ गिटार उत्पादनको संयोजन गरी कला प्रदर्शन, खाना मेला, सांस्कृतिक र रचनात्मक प्रदर्शनी, खेलकुद कार्यक्रम, किनमेलजस्ता धेरै उत्सवको विकास भएको छ । आज गिटार उद्योग हुइयाङको साँस्कृतिक उद्योगका निम्ति आधार स्तम्भ मात्र होइन । हुइझोउ र गुआङडोङ-हङकङ-मकाउसमेतका निम्ति एक सुन्दर सांस्कृतिक व्यापार कार्ड पनि बन्न पुगेको छ ।

*याङचेङ साँझ समाचार, आर्थिक सूचना दैनिक, हुइझोउ दैनिक र हुइयाङ विमोचनबाट प्रकाशित*